नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २०२

मितिः २०८२/१०/२६

नेपाल संवत् ११४६

विषयः राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

गृह मन्त्रालय, मूल समारोह समितिको सचिवालयको प.सं. प्रजातन्त्र दिवस-२०८२/०८३, च.नं. ४६४, मिति २०८२/१०/२५ को राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धी पत्र र सोसाथ प्राप्त **राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ को औपचारिक मूल समारोह समिति गठन एवम् अनुमोदित कार्यक्रम** आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री गृह मन्त्रालय, मूल समारोह समितिको सचिवालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नंः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

**(मूल समारोह समितिको सचिवालय)**

नेपाल सरकार
गृह मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या: प्रजातन्त्र दिवस - २०८२
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ४६४

मिति: २०८२/१०/२५
ने.स. ११४६

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**(सङ्घीय मामिला महाशाखा)**
**सिंहदरबार, काठमाडौं।**

विषय: **राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा** ।

सदाझैं राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ (फागुन ६, ७ र ८ गते तीन दिनसम्म) भव्यतासाथ मनाउने सन्दर्भमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीज्यूको अध्यक्षतामा मिति २०८२/१०/२२ गते बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित कार्यक्रमको छाँयाप्रति यसैसाथ संलग्न छ। अतः अनुमोदित कार्यक्रम बमोजिम कार्यक्रम आयोजनासहित दिवस मनाउने सम्बन्धमा सबै स्थानीय तहहरुमा आवश्यक निर्देशनका लागि निर्णयानुसार अनुरोध छ।

## तपसिल

१. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित पालिका प्रमुख सम्मिलित समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम सञ्चालन गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने।

२. सबै स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा **"राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति"** गठन गरी राष्ट्रिय प्रजातन्त्र दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन सबै स्थानीय तह मार्फत स्थानीयबासीहरुलाई अनुरोध गर्ने।

३. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।

४. फागुन ६, ७ र ८ गते स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने।

५. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।

सम्पर्क नं: ०१-४२११२४०, ०१-४२११२५५

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

पत्र संख्या:प्रजातन्त्र दिवस - २०८२

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ४६४

सिंहदरवार,
काठमाडौं, नेपाल।

नेपाल सरकार
गृह मन्त्रालय

६. जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य सेवा सम्बद्ध स्थानीय संघ-संस्थाहरुसमेतको समन्वयमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने।

७. शिक्षा विकास तथा समन्वय इकाईसमेतको समन्वयमा फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने।

८. विभिन्न आन्दोलनहरु लगायत जेन-जी आन्दोलनका सहिद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारीको समन्वयमा सम्मान कार्यक्रम आयोजना गर्ने।

(ऋषिराम तिवारी)
सहसचिव

**सादर अवगतार्थः**

श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

# राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२

औपचारिक मूल समारोह समिति

**गठन एवम् अनुमोदित कार्यक्रम**

नेपालमा वि.सं. २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र स्थापना भएको **ऐतिहासिक एवम् महत्वपूर्ण** दिनको स्मरणमा प्रत्येक वर्ष राष्ट्रिय प्रजातन्त्र दिवस मनाइदैं आएको। सम्वत् २०८२ साल फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस भव्य रुपमा मनाउन सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीज्यूको गरिमामय समुपस्थिति एवं अध्यक्षतामा यही मिति २०८२ माघ २२ गते बिहीवार अपरान्ह २:३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशिष्ट पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी पेश भएका प्रस्ताव उपर छलफल गर्दा वि.सं. २०८२ साल फागुन ६, ७ र ८ गते ३ (तीन) दिनसम्म नेपालभर र विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग एवं वाणिज्य दूतावासहरुमा समेत विभिन्न कार्यक्रमहरु गर्ने तथा फागुन ७ गतेका दिन **राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२** मूल समारोहको कार्यक्रम नेपाली सैनिक मञ्च, टुँडिखेलमा आयोजना गरी दिवस मनाउन तपसिल बमोजिम निर्णय भएको छ।

## तपसिल

## क. "राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समिति, २०८२" को गठन :

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री सुशीला कार्की | अध्यक्ष |
| २. | माननीय मन्त्रीहरु | सदस्य |
| ३. | काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख | सदस्य |
| ४. | नेपाल सरकारका मुख्य सचिव | सदस्य |
| ५. | प्रधानसेनापति | सदस्य |
| ६. | ललितपुर महानगरपालिकाका प्रमुख | सदस्य |
| ७. | नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु | सदस्य |
| ८. | महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |

नेपाल सरकार गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

| | | |
|---|---|---|
| ९. | महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | सदस्य |
| १०. | मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| ११. | उपत्यकाका सबै नगरपालिकाका प्रमुखहरू | सदस्य |
| १२. | सचिव, गृह मन्त्रालय | सदस्य-सचिव |

ख. **सङ्घीय सरकार तथा केन्द्रीयस्तरका कार्यक्रम :**

**२०८२ फागुन ६ गते**

सम्वत् २०८२ फागुन ६ गते देहाय बमोजिमको कार्यक्रम आयोजना गर्ने :-

१. राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ - केन्द्रीत विशेष सम्वाद, परिसम्वाद, रेडियो नाटक लगायतका जनचेतनामूलक कार्यक्रमहरूको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने,

२. राष्ट्रियस्तरका छापा सञ्चार गृहहरूले राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ को उपलक्ष्यमा विशेषाङ्क/स्मारिका प्रकाशन गर्नुका साथै प्रजातन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाहरूको सँगालो प्रकाशन गर्ने,

३. रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक एवं निजी क्षेत्रका अन्य विद्युतीय तथा छापा सञ्चार माध्यमहरूबाट प्रजातन्त्रको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने तथा परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने,

४. सबै सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसर, मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्रमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र विगतका विभिन्न आन्दोलन तथा गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका शहीदहरुको स्मृतिमा साँझ माइतीघर मण्डलामा दीप प्रज्ज्वलन गर्ने। साथै, साँझ गैर सरकारी कार्यालय तथा घरघरमा समेत दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने,

नेपाल सरकार गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

५. सबै जिल्लामा सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोग एवम् सहकार्यमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने,

६. जिल्ला स्तरमा विगतका विभिन्न आन्दोलनहरू लगायत जेन्जी आन्दोलनका शहीद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारी एवम् स्थानीय तहको समन्वयमा सम्मान कार्यक्रम आयोजना गर्ने,

७. जिल्ला स्तरमा फरक क्षमता भएका विद्यार्थीहरूले अध्ययन गर्ने विद्यालयहरूमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम संचालन गर्ने। यस कार्यमा ७७ वटै प्रमुख जिल्ला अधिकारीले आवश्यक समन्वय गर्ने।

## २०८२ फागुन ७ गते

सम्वत् २०८२ फागुन ७ गते देहाय बमोजिमको कार्यक्रम आयोजना गर्ने :-

१. नेपाली सेनाद्वारा सैनिक-मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै बिगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाईं (स्यालभो र भली फायर) गर्ने,

२. नेपाली सेनाको हेलिकोप्टरबाट **"राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२"** अङ्कीत व्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक-मञ्च, टुँडिखेलमा पुष्पवृष्टि र झण्डा प्रदर्शन गर्ने,

३. नेपाली सैनिक-मञ्च, टुँडिखेलमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ को औपचारिक मूल समारोह आयोजना गर्ने। उक्त समारोहमा निर्वाचित जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सार्वजनिक तथा सामुदायिक संघ-संस्था र शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारीहरू,

राजकुमार श्रेष्ठ
सचिव

नागरिक समाजका लव्ध-प्रतिष्ठित व्यक्तित्वहरुका साथै सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गर्ने,

४. नेपाली सैनिकमञ्च, टुँडिखेलमा आयोजित मूल समारोहको कार्यक्रम रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्ने,

५. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सातै प्रदेशको साँस्कृतिक विविधता झल्कने प्रकृतिको प्रस्तुति सैनिक मञ्च, टुँडिखेलमा गर्ने,

६. रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट **राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२** को अवसरमा जागरण गीत प्रसारण गर्ने र अन्य रेडियो, एफएम तथा टेलिभिजनहरुलाई समेत प्रसारणका लागि अनुरोध गर्ने,

७. सबै सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसर, मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्रमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने। साथै, साँझ गैर सरकारी कार्यालय तथा घरघरमा समेत दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने।

**२०८२ फागुन ८ गते**

सबै सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसर, मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्रमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने। साथै, साँझ गैर सरकारी कार्यालय तथा घरघरमा समेत दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने।

नेपाल सरकार
गृह मन्त्रालय

२०८२.८

राजकुमार श्रेष्ठ
सचिव

ग. **विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासमा देहाय बमोजिमको कार्यक्रम आयोजना गरी सञ्चालन गर्ने :**

१. विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा सम्वत् २०८२ फागुन ६, ७ र ८ गते कार्यालयको छत, वरण्डा एवम् परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने,

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेषता झल्कने विद्युतीय प्रचार सामग्री समूचित प्रचार-प्रसारका लागि परराष्ट्र मन्त्रालय मार्फत विदेशस्थित नेपाली दूतावास, कुटनीतिक नियोग तथा वाणिज्य दूतावासहरुमा पठाउने।

**घ. प्रदेश राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहस्तरका कार्यक्रम:**

प्रदेश राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहमा देहाय बमोजिम कार्यक्रम आयोजना गरी सञ्चालन गर्ने :-

१. सबै प्रदेशहरुमा प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रदेशस्तरीय **"राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति, २०८२"** गठन गरी विविध कार्यक्रमका साथ राष्ट्रिय प्रजातन्त्र दिवस भव्य रुपमा मनाउन सबै प्रदेश सरकार मार्फत प्रदेशबासीहरुलाई अनुरोध गर्ने,

२. सबै स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा **"राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति, २०८२"** गठन गरी राष्ट्रिय प्रजातन्त्र दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन सबै स्थानीय तह मार्फत स्थानीयबासीहरुलाई अनुरोध गर्ने,

३. सम्वत् २०८२ फागुन ६, ७ र ८ गते प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र

नेपाल सरकार

राजकुमार श्रेष्ठ

परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने,

४. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने,

५. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ को कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय पालिका प्रमुख सम्मिलित समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ मनाउने। कार्यक्रमको आवश्यक समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने।

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

मूल समारोह व्यवस्थापनका लागि देहाय बमोजिमका उपसमितिहरु गठन गर्ने ।

| | | |
|---|---|---|
| | **प्रचार प्रसार उप-समिति** | |
| १. | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | संयोजक |
| २. | अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ३. | अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| ४. | अध्यक्ष, नेपाल टेलिभिजन (सार्वजनिक सेवा प्रसारण संस्था) | सदस्य |
| ५. | अध्यक्ष, गोरखापत्र संस्थान | सदस्य |
| ६. | अध्यक्ष, राष्ट्रिय समाचार समिति | सदस्य |
| ७. | कार्यकारी निर्देशक, रेडियो नेपाल (सार्वजनिक सेवा प्रसारण संस्था) | सदस्य |
| ८. | प्रबन्ध निर्देशक, नेपाल टेलिकम | सदस्य |
| ९. | अध्यक्ष, विज्ञापन वोर्ड | सदस्य |
| १०. | सहसचिव, गृह मन्त्रालय (आन्तरिक व्यवस्थापन महाशाखा) | सदस्य |
| ११. | महानिर्देशक, सूचना तथा प्रसारण विभाग | सदस्य-सचिव |
| | **मञ्च सजावट तथा व्यवस्थापन उप-समिति** | |
| १. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| ४. | सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं | सदस्य |
| ५. | सुपरिन्टेन्डेन्ट इञ्जिनियर, भवन निर्माण तथा सम्भार डिभिजन कार्यालय, काठमाडौं | सदस्य |
| ६. | प्रमुख सेनानी, जङ्गी अड्डा | सदस्य |
| ७. | प्रहरी नायव महानिरीक्षक, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य |
| ८. | अध्यक्ष/अध्यक्षले तोकेको प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| ९. | उपसचिव, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| १०. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |
| | **ग्राउण्ड, कवाज तथा व्यायाम व्यवस्थापन उप-समिति** | |
| १. | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं | संयोजक |
| २. | सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय | सदस्य |
| ३. | प्रमुख सेनानी, समारोह सञ्चालन निर्देशनालय, जङ्गी अड्डा | सदस्य |
| ४. | नगर प्रहरी प्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| ५. | उपसचिव, आन्तरिक प्रशासन सवारी तथा सभा समारोह व्यवस्थापन शाखा, गृह मन्त्रालय | सदस्य |
| ६. | प्रहरी वरिष्ठ उपरीक्षक, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य-सचिव |

नेपाल सरकार गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

| सौँस्कृतिक झाँकी व्यवस्थापन उपसमिति | | |
|---|---|---|
| १. | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | सदस्य |
| ४. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ५. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| ६. | प्रमुख प्रशासकीय अधिकृत, गोकर्णेश्वर नगरपालिका | सदस्य |
| ७. | प्रमुख प्रशासकीय अधिकृत, कागेश्वरी मनोहरा नगरपालिका | सदस्य |
| ८. | प्रमुख प्रशासकीय अधिकृत, बुढानिलकण्ठ नगरपालिका | सदस्य |
| ९. | प्रमुख प्रशासकीय अधिकृत, शंखरापुर नगरपालिका | सदस्य |
| १०. | प्रमुख प्रशासकीय अधिकृत, टोखा नगरपालिका | सदस्य |
| ११. | प्रमुख प्रशासकीय अधिकृत, नागार्जुन नगरपालिका | सदस्य |
| १२. | प्रमुख प्रशासकीय अधिकृत, तारकेश्वर नगरपालिका | सदस्य |
| १३. | प्रमुख प्रशासकीय अधिकृत, कीर्तिपुर नगरपालिका | सदस्य |
| १४. | प्रमुख प्रशासकीय अधिकृत, चन्द्रागिरी नगरपालिका | सदस्य |
| १५. | प्रमुख प्रशासकीय अधिकृत, दक्षिणकाली नगरपालिका | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत, मध्यपुर ठिमी नगरपालिका | सदस्य |
| १७. | प्रमुख प्रशासकीय अधिकृत, चाँगुनारायण नगरपालिका | सदस्य |
| १८. | प्रमुख प्रशासकीय अधिकृत, सुर्यविनायक नगरपालिका | सदस्य |
| १९. | प्रमुख प्रशासकीय अधिकृत, गोदावरी नगरपालिका | सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत, महालक्ष्मी नगरपालिका | सदस्य |
| २१. | उपसचिव, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| २२. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |

| सौँस्कृतिक विविधता प्रदर्शन व्यवस्थापन उपसमिति | | |
|---|---|---|
| १. | सचिव, रक्षा मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. | निर्देशक, समारोह सञ्चालन निर्देशनालय, नेपाली सेना | सदस्य |
| ४. | प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी (सम्बन्धित विभाग) | सदस्य |
| ५. | सशस्त्र प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल (सम्बन्धित विभाग) | सदस्य |
| ६. | महाप्रबन्धक, सौँस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) | सदस्य |
| ७. | उपसचिव, प्रहरी कर्मचारी प्रशासन शाखा, गृह मन्त्रालय | सदस्य |
| ८. | उपसचिव, रक्षा मन्त्रालय | सदस्य-सचिव |

नेपाल सरकार गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

## क्रियाकलाप तथा कार्ययोजना :

| क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय |
|---|---|---|---|
| १. सबै प्रदेशका माननीय मुख्यमन्त्रीहरुलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रजातन्त्र दिवस भव्यरुपमा मनाउन निर्देशन दिने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. प्रजातन्त्र दिवसको शुभकामनाको एस.एम.एस. तथा डिस्प्ले बोर्डमा सन्देश प्रसारण गराउने व्यवस्था मिलाउने । | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ३. दिवस-केन्द्रीत विशेष सम्वाद, परिसम्वाद, रेडियो नाटक लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रसारण/प्रकाशन गर्ने व्यवस्था मिलाउने ।<br>४. राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा प्रजातन्त्र दिवसका विशेषाङ्क/स्मारिका प्रकाशन गर्नुका साथै प्रजातन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरूको सँगालो प्रकाशन गर्ने।<br>५. रेडियो नेपाल, नेपाल टेलिभिजन एवं सामुदायिक, निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूबाट प्रजातन्त्रको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी, सामुदायिक तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ६. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सातै प्रदेशको सांस्कृतिक विविधता झल्कने प्रकृतिको प्रस्तुति गर्ने। | रक्षा मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, साँस्कृतिक संस्थान | गृह मन्त्रालय |
| ७. सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय, युवा तथा खेलकुद मन्त्रालय | स्थानीय पालिकाहरु तथा स्थानीय खेलकुद विकास समिति | गृह मन्त्रलाय, जिल्ला प्रशासन कार्यालय |
| ८. रक्तदान कार्यक्रमको आयोजना गर्ने। | नेपाल रेडक्रस सोसाइटी | स्वास्थ्य सम्बद्ध संघ-संस्थाहरु | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| ९. विगतका विभिन्न आन्दोलनहरु लागयत जेन्जी आन्दोलनका शहीद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरुलाई सम्मान गर्ने। | जिल्ला समन्वय समिति | स्थानीय पालिकाहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन |

| | | | |
|---|---|---|---|
| | | | मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| १०.फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने। | स्थानीय पालिकाहरु | शिक्षा विकास तथा समन्वय इकाई | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| ११. साँझ दीप प्रज्ज्वलन गर्ने। | स्थानीय पालिकाहरु, सरकारी निकायहरु | स्थानीय सामुदायिक संघ-संस्थाहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, |
| १२. विगतका विभिन्न आन्दोलन तथा जेन्जी आन्दोलनका शहीदहरुको स्मृतिमा माइतीघर मण्डलामा दीप प्रज्ज्वलन गर्ने। | काठमाडौं महानगरपालिका | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गृह मन्त्रालय। |

नेपाल सरकार गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

# सैनिक मञ्च टुँडिखेलको मूल समारोहमा उपस्थित हुनुहुने महानुभावहरु

१. सम्माननीय राष्ट्रपति,
२. सम्माननीय उपराष्ट्रपति,
३. सम्माननीय प्रधानमन्त्री,
४. सम्माननीय प्रधानन्यायाधीश,
५. सम्माननीय अध्यक्ष, राष्ट्रिय सभा,
६. माननीय पूर्वराष्ट्रपतिहरू,
७. पूर्व उपराष्ट्रपतिहरू,
८. पूर्व प्रधानमन्त्रीहरु/मन्त्रिपरिषद्का पूर्व अध्यक्ष,
९. माननीय मन्त्रीहरु,
१०. माननीय उपाध्यक्ष, राष्ट्रिय सभा,
११. संङ्घीय संसद (राष्ट्रियसभा) का संसदीय समितिका माननीय सभापतिहरू
१२. राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष,
१३. संवैधानिक निकायका प्रमुखहरु,
१४. महान्यायाधिवक्ता,
१५. सङ्घीय संसद (राष्ट्रियसभा)का माननीय सदस्यहरु,
१६. काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख,
१७. नेपाल सरकारका मुख्य सचिव,
१८. प्रधानसेनापति,
१९. ललितपुर महानगरपालिकाका प्रमुख,
२०. जिल्ला समन्वय समितिका प्रमुखहरु (उपत्यका भित्रका),
२१. संङ्घीय संसदका महासचिव,
२२. सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार,
२३. नेपाल राष्ट्र बैंकका गभर्नर,
२४. प्रज्ञा प्रतिष्ठानका कुलपति तथा विश्वविद्यालयका उपकुलपतिहरू,
२५. नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु,
२६. नेपालस्थित विदेशी राजदूतहरु/संयुक्त राष्ट्र संघका आवासीय प्रतिनिधि,
२७. रथी,
२८. सुरक्षा निकायका प्रमुखहरु,
२९. प्रज्ञा प्रतिष्ठानका उपकुलपतिहरु,
३०. विश्वविद्यालयका प्राध्यापकहरू

नेपाल ... मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

३१. काठमाडौं उपत्यकाभित्रका स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरु सबै,

३२. सुरक्षा निकायका विशिष्ट श्रेणीका अधिकृतहरु,

३३. उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरु,

३४. नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू (सहसचिवहरू),

३५. सहायक रथीहरू,

३६. प्रहरी नायब महानिरीक्षकहरू,

३७. सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू,

३८. राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशकहरू,

३९. सार्वजनिक संस्थानका प्रमुख एवं कार्यकारीहरू,

४०. अध्यक्ष, नेपाल वार एशोसियशन,

४१. अध्यक्ष, उद्योग वाणिज्य महासंघ,

४२. अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स,

४३. अध्यक्ष, नेपाल उद्योग परिसंघ,

४४. अध्यक्ष, नेपाल पत्रकार महासंघ,

४५. उपसमितिका सबै सदस्यहरू।

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

## नेपाली सैनिक-मञ्च, टुँडिखेलको मूल समारोहको कार्यक्रम तथा समयतालिका

**कार्यक्रम सुरु हुने समय - बिहान ८:३० बजे**

**कार्यक्रमको अनुमानित समयावधि : १ घण्टा ४६ मिनेट (आगमन समय बाहेक)**

### आमन्त्रित विशिष्ट महानुभावहरुको आगमन

१. राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यूको आगमन - **८:३० बजे**

२. सम्माननीय प्रधानन्यायाधीशज्यूको आगमन - **८:३३ बजे**

३. राष्ट्रिय प्रजातन्त्र दिवस, मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूको आगमन - **८:३६ बजे**

४. विशिष्ट अतिथि, सम्माननीय उपराष्ट्रपतिज्यूको आगमन - **८:३९ बजे**

५. प्रमुख अतिथि सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको आगमन तथा राष्ट्रपतिज्यूबाट सलामी ग्रहण - **८:४२ बजे**

६. राष्ट्रिय गान र झण्डोत्तोलन - **४ मिनेट**

७. ज्ञात-अज्ञात शहीदहरू प्रति उच्च-सम्मान र श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चीरशान्तिको लागि मौनधारण - **१ मिनेट**

८. नेपाली सेनाको हेलिकोप्टरबाट **"राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२"** अङ्कीत व्यानर प्रदर्शन गरी पुष्पवृष्टि एवं बेलुनहरु उडाउने कार्य टुँडिखेल मूल कार्यक्रम स्थलमा गर्ने। साथै, सो कार्य पश्चात हेलिकोप्टरबाट **"राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२"** अङ्कीत ब्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने। - **५ मिनेट**

९. नेपाली सेनाद्वारा शान्तिका प्रतीक परेवा उडाउने, - **१ मिनेट**

१०. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालद्वारा संक्षिप्त मार्च पास, - **१० मिनेट**

११. साँस्कृतिक झाँकी प्रदर्शन, - **३० मिनेट**

१२. साँस्कृतिक विविधता झल्कने प्रदर्शन - **१५ मिनेट**

१३. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालद्वारा संक्षिप्त व्याण्ड प्रदर्शन गर्ने, - **१० मिनेट**

१४. राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्बोधन, - **२० मिनेट**

१५. सम्माननीय राष्ट्रपतिज्यूको फिर्ती सलामी र विदाई। - **१० मिनेट**

*(रेडियो नेपाल, नेपाल टेलिभिजन तथा अन्य श्रव्य-दृष्य संस्थाबाट सम्पूर्ण कार्यक्रमको प्रत्यक्ष प्रसारण)*

नेपाल सरकार गृह मन्त्रालय

**राजकुमार श्रेष्ठ**
**सचिव**